(संवत् २०७९ साल मङ्सिर मसान्तसम्म भएका संशोधन मिलाइएको)

# खाद्य ऐन, २०२३

| | | लालमोहर र प्रकाशन मिति |
|---|---|---|
| | | २०२३।५।२४ |
| संशोधन गर्ने ऐन | | |
| १. | खाद्य (पहिलो संशोधन) ऐन, २०३० | २०३०।१२।११ |
| २. | न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| ३. | खाद्य (दोस्रो संशोधन) ऐन, २०४८ | २०४८।२।२१ |
| ४. | खाद्य (तेस्रो संशोधन) ऐन, २०४९ | २०४९।७।६ |
| | | प्रमाणीकरण र प्रकाशन मिति |
| ५. | गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६♦ | २०६६।१०।७ |
| ६. | केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ७. | केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ | २०७४।६।३० |
| ८. | नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |

२०२३ सालको ऐन नं. ८

[2]....................

खाद्य पदार्थमा विशुद्धता कायम राख्न बनेको ऐन

प्रस्तावनाः सर्वसाधारण जनताको स्वास्थ्य तथा सुविधा कायम राख्न खाद्य पदार्थमा कुनै अवाञ्छनीय मिसावट रोक्न वा खाद्य पदार्थमा रहेको स्वाभाविक कुनै गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने गर्न र खाद्य पदार्थको उचितस्तर बनाई राख्नको निमित्त कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

♦ यो ऐन संवत् २०६५ साल जेठ१५गतेदेखि लागू भएको।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइवक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "खाद्य ऐन, २०२३" रहेको छ ।

(२) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको क्षेत्रमा तोकिदिएको मिति देखि प्रारम्भ हुनेछ ।✍

▶२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "खाद्य पदार्थ" भन्नाले साधारणतः मानिसले खाने पिउने, अप्रशोधित, अर्ध प्रशोधित, प्रशोधित वा उत्पादित खाद्य वा पेय पदार्थ सम्झनु पर्छ र सो शब्दले खाने पिउने पदार्थमा प्रयोग गरिने मरमसला, खाद्य योगशील (फूड एडिटिभ) रङ्ग वा सुगन्ध समेतलाई जनाउँछ ।

(ख) "दूषित खाद्य पदार्थ" भन्नाले देहायको कुनै अवस्थाको खाद्य पदार्थ सम्झनु पर्छः–

(१) स्वास्थ्यलाई हानि हुने गरी सडेको गलेको वा फोहर मैला वा विषाक्त अवस्थामा राखिएको वा तयार गरिएको खाद्य पदार्थ,

(२) मानिसको उपभोगको लागि अनुपयुक्त हुने गरी केहीवा सम्पूर्ण भाग कुनै रोगी वा रोगकारक पशु पन्छी वा हानिकारक वनस्पतिबाट बनेको खाद्य पदार्थ,

(३) कुनै खाद्य योगशील (फूड एडिटिभ), रङ्ग परिरक्षी (प्रीजर्वेटिभ), अन्तर्विकसित वा बहिर्मिश्रित रसायन वा कीटनाशक औषधिको लागि तोकिएको

---

✍ ऐन लागू भएको मिति र स्थान द्रष्टव्यमा उल्लेख गरिएको ५ ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अधिकतम सीमा भन्दा बढी हुन गई स्वास्थ्यलाई हानि हुन सक्ने खाद्य पदार्थ ।

(ग) "न्यूनस्तरको खाद्य पदार्थ" भन्नाले देहायको कुनै अवस्थाको खाद्य पदार्थ सम्झनु पर्छः–

(१) कुनै खाद्य पदार्थको स्वाभाविक गुण भन्दा कमसल हुने गरी प्रमुख अङ्गको परिमाण घटाइएको वा अर्को कुनै पदार्थ मिश्रण गरिएको खाद्य पदार्थ,

तर दुई वा दुईभन्दा बढी वस्तु मिश्रित खाद्य पदार्थहरुमा त्यस्तो मिश्रित खाद्य पदार्थहरुको नाम र परिमाण स्पष्ट उल्लेख छ र स्वास्थ्यलाई हानि गर्दैन भने त्यस्तो खाद्य पदार्थलाई न्यूनस्तरको खाद्य पदार्थ मानिने छैन ।

(२) दफा ७ बमोजिम निर्धारण गरिएको गुणस्तर वा यस ऐन अन्तर्गत बनेको नियम वा आदेशमा तोकिएको न्यूनतम आवश्यक गुणस्तर भन्दा घटेको वा अधिकतम गुणस्तर तोकिएकोमा सो भन्दा बढेको खाद्य पदार्थ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

▶३. <u>दुषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन तथा बिक्री वितरण गर्न मनाहीः</u> कुनै व्यक्तिले दूषित खाद्य पदार्थ वा न्यूनस्तरको खाद्य पदार्थको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न वा सोमध्ये कुनै कामका लागि त्यस्तो खाद्य पदार्थ राख्न हुँदैन ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

◈४. झुक्यानमा पारी खाद्य पदार्थ बिक्री वितरण गर्न नहुनेः कसैले कुनै एक खाद्य पदार्थलाई अर्को खाद्य पदार्थ हो भनी वा न्यून गुणस्तरको खाद्य पदार्थलाई उच्च गुणस्तरको खाद्य पदार्थ हो भनी ढाँटी वा झुक्याई वा अखाद्य पदार्थ वा कुनै उच्च गुणस्तरको खाद्य पदार्थमा न्यून गुणस्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थ मिसावट गरी बिक्री वितरण गर्न हुँदैन ।

📖४क. खाद्य पदार्थ रोक्का राख्न सकिनेः (१) कुनै खाद्य पदार्थ ▶दूषित वा न्यूनस्तरको हो भन्ने शङ्का लागेमा तोकिएको अधिकारीले त्यस्तो खाद्य पदार्थ सिलबन्दी गरी सो खाद्य पदार्थका धनीलाई नै जिम्मा लगाई त्यसको भर्पाइ लिई रोक्का राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्का रहेको खाद्य पदार्थ ▶दूषित वा न्यूनस्तरको हो भन्ने कुराको निर्णय अन्तिम रुपमा भइसकेपछि दोषको मात्रा, दोषको प्रकृति र त्यसबाट हुनसक्ने हानिको विचार गरी तोकिएको अधिकारीको आदेशले सो खाद्य पदार्थ नेपाल सरकार लाग्न सक्नेछ ।

📖४ख. अनुज्ञापत्र लिनु पर्नेः (१) तोकिएको खाद्य पदार्थको उत्पादन, बिक्री वितरण, सञ्चय वा प्रशोधन गर्न चाहने व्यक्तिले तोकिए बमोजिम अनुज्ञापत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सिलबन्दी भएका खाद्य पदार्थहरुको हकमा अनुज्ञापत्र प्राप्त उत्पादक वा थोक बिक्रेताबाट तोकिए बमोजिम जमानतपत्र प्राप्त खुद्रा बिक्रेताले यस दफा बमोजिमको अनुज्ञापत्र लिनुपर्ने छैन ।

◈५. दण्ड सजायः (१) दफा ३ वा दफा ४ विपरीतको कार्य गर्ने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

---

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित।

📖 पहिलो संशोधनद्वारा थप ।

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

◈केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४व द्वारा संशोधित।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा आदेशको अन्य कुनै कुरा उल्लङ्घन गर्ने व्यक्तिलाई दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(३) कसैले यस ऐन बमोजिमको कुनै कसूर गरी कसैलाई हानि, नोक्सानी पुऱ्याएमा त्यस्तो कसूरदारबाट सम्बन्धित पीडितलाई मनासिब क्षतिपूर्ति समेत भराई दिनु पर्नेछ ।

६. <u>फर्म वा सङ्गठित संस्थाले गरेको अपराधको दायित्वः</u> कुनै फर्म वा सङ्गठित संस्थाले यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेश उल्लङ्घन गरेमा फर्मको हकमा सो फर्मका हिस्सेदार र कुनै सङ्गठित संस्था भए सो संस्थाको कामकाज गर्ने मुख्य प्रशासकीय अधिकारी दफा ५ को उपदफा (१) को प्रयोजनको लागि सजायको भागी हुनेछ ।

तर आफू हिस्सेदार वा त्यस्तो प्रशासकीय अधिकारी हुनुभन्दा अगावै गरेको काम कुराका हकमा वा सो उल्लङ्घन भएको कुरा थाहा पाउन नसक्ने स्थिति थियो भन्ने प्रमाणित गरेमा सो व्यक्ति त्यस्तो सजायको भागी हुने छैन ।

७. <u>खाद्य पदार्थको गुण, स्तर तोक्ने अधिकारः</u> कुनै खाद्य पदार्थमा कुनै पदार्थको गुण, स्तर वा मात्रा कुन परिधिभित्रको हुनुपर्दछ भन्ने कुराका सम्बन्धमा नेपाल सरकारले समय समयमा आदेश दिन सक्नेछ । यस्तो प्रत्येक आदेश नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

८. <u>खाद्य पदार्थको जाँचः</u> कुनै खाद्य पदार्थ ▶<u>दूषित वा न्यूनस्तरको</u> खाद्य पदार्थ हो वा होइन भन्ने कुराको परीक्षण तोकिएको अनुसन्धानशालामा गराइनेछ र त्यस सम्बन्धमा सो अनुसन्धानशालाको तोकिएको अधिकारी वा अधिकारीहरुबाट प्रतिवेदन लिइनेछ ।

९. <u>खाद्य स्तर निर्धारण समितिः</u> नेपाल सरकारले समय समयमा ▶<u>खाद्य पदार्थको गुणस्तर निर्धारण गर्न</u> एउटा खाद्य स्तर निर्धारण समिति गठन गर्न सक्नेछ ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

❋९क. अनुगमन तथा निरीक्षण गर्न सक्ने: (१) कसैले कुनै खाद्य पदार्थ यस ऐन बमोजिम तोकिएको गुण, स्तर, मात्रा वा परिधि भन्दा न्यून गुण, स्तर, मात्रा वा परिधिको वा दुषित खाद्य पदार्थ वा कुनै खाद्य पदार्थलाई ढाँटी झुक्याई बिक्री वितरण गरे गराएको विषयमा प्रदेश वा स्थानीय तहले आफ्नो क्षेत्रमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षणको क्रममा कसैले यस ऐन विपरीत कुनै काम गरेको पाइएमा प्रदेश सरकार वा स्थानीय तहबाट अनुगमन वा निरीक्षणमा खटिएको अधिकृत वा निरीक्षकले यस ऐनको दफा ४क. र दफा ८ बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ । त्यसको जानकारी अनुसन्धान अधिकारीलाई दिनु पर्नेछ ।

(३) यस दफा बमोजिम अनुगमन तथा निरीक्षण गर्दा कसै उपर यस ऐन बमोजिम मुद्दा चलाउनु पर्ने भएमा उपदफा (२) बमोजिमको अधिकारीले यस ऐन बमोजिम अनुसन्धान तथा अभियोजन गर्ने अधिकारी समक्ष पठाउनु पर्नेछ ।

१०. नेपाल सरकार वादी हुने: यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी भै चलाइनेछ ।

११. ▣मुद्दा हेर्ने अधिकारी: दफा ५ को ◈उपदफा (१) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई र अन्य कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

▣१२. पुनरावेदन: दफा ११ बमोजिम भएको निर्णय उपर पैंतीस दिनभित्र पुनरावेदन दिन सकिनेछ र प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

❋ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित।

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित।

१३. नियम बनाउन सक्नेः (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्व सामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती नियमहरुमा खास गरेर देहायको व्यवस्था गर्न सकिनेछ,–

▶(क) खाद्य पदार्थ विश्लेषण वा अनुसन्धान गर्ने प्रयोगशाला र त्यसको कार्यविधि तथा सो प्रयोगशालाको विशेषज्ञ वा अधिकारीको योग्यता सम्बन्धमा ।

(ख) खाद्य निरीक्षकको व्यवस्था तथा निजको अधिकार र कर्तव्यका सम्बन्धमा,

(ग) खाद्य स्तर निर्धारण समितिको काम, कर्तव्य, अधिकार, दायित्व तथा अरु कार्यविधि सम्बन्धमा,

(घ) नेपाल 2………… भित्र उत्पादन हुने कुनै खाद्य पदार्थका उत्पादन वा बिक्रेताले सो खाद्य पदार्थमा कुनै खास किसिमको लेबुल लगाउने सम्बन्धमा,

(ङ) खाद्य पदार्थमा रङ्ग, सुगन्ध, मरमसला वा अरु कुनै चीज समिश्रण गर्न पाउने हद तोक्ने सम्बन्धमा,

(च) खाद्य पदार्थको उचित स्तर कायम राख्न अपनाउनु पर्ने अन्य आवश्यक व्यवस्थाका सम्बन्धमा ।

---

▶ तेस्रो संशोधनद्वारा संशोधित ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

दृष्टव्यः- (क) ऐन लागू भएको मिति र स्थानः-

(१) खाद्य ऐन, २०२३ देहायका जिल्लाहरुमा मिति २०२९।९।१ देखि लागू हुने गरीनेपाल राजपत्रमा सूचना प्रकाशित मिति २०२९।८।१९- काठमाण्डौं जिल्लामा- कालीमाटी गाउँविकास समिति, भिमसेनगोला गाउँविकास समिति, महादेवस्थान गाउँविकास समिति, पशुपति गाउँविकास समिति, डल्लु गाउँविकास समिति, भगवान स्थान गाउँविकास समिति, चावहिल गाउँविकास समिति, ललितपुर जिल्लामा- ललितपुर नगरपालिका, भक्तपुर जिल्लामा- भक्तपुर नगरपालिका ।

(२) खाद्य ऐन, २०२३ देहायका नगर नगरपालिका क्षेत्रहरुमा २०३०।६।१ देखि प्रारम्भ हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित मिति २०३०।६।२९- भद्रपुर नगरपालिका, विराटनगर नगर नगरपालिका, जनकपुर नगरपालिका र वीरगंज नगरपालिका ।

(३) खाद्य ऐन, २०२३ देहायका जिल्लाको सम्पूर्ण क्षेत्रमा लागू हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित मिति- २०३१।६।२८- (१) काठमाण्डौं (२) ललितपुर (३) भक्तपुर (४) पर्सा (५) मकवानपुर (६) धनुषा (७) मोरङ्ग (८) सुनसरी र (९) झापा ।

(४) खाद्य ऐन, २०२३ मिति २०३२।१।११ देखि रुपन्देही र बाँके जिल्लाका सम्पूर्ण क्षेत्रमा लागू हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित मिति २०३२।८।२२

(५) खाद्य ऐन, २०२३ मिति २०३३।१२।१ देखि कास्की, स्याङ्गजा, पाल्पा र कपिलवस्तु जिल्लाका सम्पूर्ण क्षेत्रमा लागू हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित मिति २०३३।७।१६

(६) खाद्य ऐन, २०२३ मिति २०३५।२।१ देखि इलाम, सप्तरी, बारा, रौतहट, चितवन र काभ्रेपलान्चोक जिल्लाका सम्पूर्ण क्षेत्रमा लागू हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित मिति २०३५।१।२५

(७) खाद्य ऐन, २०२३ मिति २०३८।१०।१९ देखि सिरहा, महोत्तरी, सर्लाही, नवलपरासी, दाङ्ग, बर्दिया, कैलाली, कन्चनपुर, बैतडी र दार्चुला जिल्लाहरुमा लागू हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित मिति २०३९।४।११

(८) खाद्य ऐन, २०२३ गोर्खा, धादिङ्ग, नुवाकोट, धनकुटा र सुर्खेत जिल्लामा सम्पूर्ण क्षेत्रमा सूचना प्रकाशन भएको मिति देखि प्रारम्भ हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित मिति २०४५।३।२०

(९) खाद्य ऐन, २०२३ देहायका जिल्लाको सम्पूर्ण क्षेत्रमा लागू हुने गरी नेपाल राजपत्रमा सूचना प्रकाशन मिति २०५७।३।२६

| | | | | |
|---|---|---|---|---|
| १. पाँचथर | २. ताप्लेजुङ्ग | ३. तेन्हथुम | ४. संखुवासभा | ५. भोजपुर |
| ६. खोटाङ्ग | ७ उदयपुर | ८. सोलुखुम्वु | ९. ओखलढुङ्गा | १०. दोलखा |
| ११. रामेछाप | १२. सिन्धुली | १३. सिन्धुपाल्चोक | १४. रसुवा | १५. तनहुं |
| १६ लम्जुङ्ग | १७. मनाङ्ग | १८ अर्घाखाँची | १९ गुल्मी | २० पर्वत |
| २१. म्याग्दी | २२. बागलुङ्ग | २३. मुस्ताङ्ग | २४. प्युठान | २५. रोल्पा |
| २६. सल्यान | २७. रुकुम | २८. डोल्पा | २९. जाजरकोट | ३०. दैलेख |
| ३१. जुम्ला | ३२. मुगु | ३३. कालिकोट | ३४. हुम्ला | ३५. बाजुरा |
| ३६. अछाम | ३७. डोटी | ३८. बझाङ्ग | ३९. डडेलधुरा | |

(ख) रूपान्तरणः-

(१) खाद्य (तेस्रो संशोधन) ऐन, २०४९ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"खाद्य जाँचकी" भन्ने सट्टा "खाद्य निरीक्षक"।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

(२) गाउँविकास समिति ऐन, २०४८ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
"गाउँ सभा" वा "गाउँ पञ्चायत भन्ने सट्टा "गाउँ विकास समिति"।

(३) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएकाशब्दहरु:-
"श्री ५ को सरकार" भन्ने सट्टा "नेपाल सरकार"।

(४) गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
"नगर पञ्चायतको" सट्टा "नगरपालिका"।

*(मिति २०७९।९।७ गते अद्यावधिक गरेको)*